# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) बुटवल, रूपन्देही, साउन ३१ गते, २०७५ साल (अतिरिक्ताङ्क १५

# भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन नं. दो. अ. १०

**प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन**

**<u>प्रस्तावनाः</u>** प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. ५ प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम, प्रारम्भ र विस्तार</u>** : (१) यस ऐनको नाम “प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन प्रदेश नं. ५ प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रदेश नं. ५ प्रदेश भरका स्थानीय तहको लागि लागू हुनेछ ।

२. **<u>प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४ मा संशोधनः</u>** प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बनधी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को-

(१) उपदफा (१) मा रहेका "मासिक सुविधा पाउने पदाधिकारी बाहेकका" भन्ने शब्दहरूको सट्टा "पदाधिकारी, सदस्य तथा" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) झिकिएको छ ।

३. **<u>मूल ऐनको दफा ६ मा संशोधनः</u>** मूल ऐनको दफा ६ को उपदफा (२) झिकिएको छ ।

प्रमाणीकरण मितिः २०७५।०४।३१

**आज्ञाले,**
**डा. मान बहादुर वीके**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय